# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को

(साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.र आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.एक आपसमा गाभिएको)

# २२ औं वार्षिक साधारणसभाको काम कारवाही तथा निर्णय पुस्तिका (माइन्यूट)

२०८० पौष २९

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, बबरमहल काठमाडौं ।

# विषय-सूची


१. वैधानिक सभा — १

  १.१. सभाको मिति, स्थान र समय — १

  १.२. छलफलका विषयहरु — १

    (क) सामान्य प्रस्ताव — १

    (ख) विशेष प्रस्ताव — १

    (ग) विविध — २

२. सभाको सूचना — २

३. उपस्थिति — ३

  ३.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु — ३

  ३.२ शेयरधनी (प्रतिनिधि) हरुको उपस्थिति — ३

  ३.३ वित्तीय संस्थाको व्यवस्थापन समितिको उपस्थिति — ३

  ३.४ अन्य उपस्थिति/पर्यवेक्षक — ३

४. गणपूरक सङ्ख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप) — ४

५. सभाको वैधानिकता र सभा सञ्चालन — ४

६. वार्षिक साधारण सभाको प्रस्तुती — ४

७. छलफलमा शेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु — ५

८. पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ — ७

९. सभाको निर्णय — १०

१०. सभा विसर्जन — १४

अनुसूचीहरु — १५-१६

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

(साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.र आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.एक आपसमा गाभिएको)

# २२ औं वार्षिक साधारणसभाको कामकारवाही तथा निर्णय पुस्तिका (माइन्यूट)

## १. वैधानिक सभा

साना किसान लघुवित्त वित्तीय संस्थाको मिति २०८० पौष ४ गते बसेको सञ्चालक समितिको २३ औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको २२ औं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावली बमोजिम, निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय भयो ।

### १.१. सभाको मिति, स्थान र समय

(१) मिति : २०८० पौष २९ गते (January 14, 2024) आइतबार

(२) समय : बिहान ११:०० बजे

(३) स्थान : कृषि विकास बैंक लि., केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।

### १.२. छलफलका विषयहरु :

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्वद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार २०८० आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु.३,३३,१६,१८,२०४।४४ को ०.७५% ले हुने रकम रु.२,४९,८७,१३६।५३३ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थापक शेयरधनी समूहबाट ४ र सर्वसाधारण शेयरधनी समूहबाट २ जना गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु.३,३३,१६,१८,२०४।४४ को १४.२५% ले हुने रकम रु. ४७,४७,५५,५९४।१३३ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. यस संस्थाको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले

फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

३. आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५.१ (Office Administration Expenses) मा उल्लिखित खर्च रु.१३,२०,१८३.७९ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

४. साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्था (हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजिसन) गर्न उपयुक्त देखिएमा उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान र छनौट गर्ने, समझदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा मर्जरसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन आवश्यक सम्पूर्ण कार्यहरु अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) **विविध ।**

## २. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै साधारण सभा सम्वन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकामा दुईपटक (मिति २०८०/०९/०५ मा आर्थिक अभियान र मिति २०८०/०९/१८ मा नयाँ प्रत्रिकामा) प्रकाशन गरिएको थियो । शेयरधनीहरुलाई निजहरुले यस वित्तीय संस्थालाई उपलब्ध गराएको इमेल ठेगानामा समेत सभाको सूचना र संक्षिप्त आर्थिक विवरण पठाईएको थियो । नेपालभर रहेका संस्थापक शेयरधनीहरुलाई यस वित्तीय संस्थाको केन्द्रीय र शाखा कार्यालयहरु मार्फत सभा हुने मिति, स्थान, समय र छलफल गर्ने विषयहरु खोली संक्षिप्त वार्षिक आर्थिक विवरण समेत संलग्न राखी सूचना पठाइएको थियो । कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको वार्षिक आर्थिक विवरण, दफा १०९ बमोजिम सञ्चालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले अध्ययन गर्न र प्राप्त गर्न सक्ने गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, काठमाडौं र वित्तीय संस्थाको वेबसाइटमा समेत राखिएको थियो ।

## ३. उपस्थिति

### ३.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | |
|---|---|
| १. श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. डा. बाबु काजी थापा | सञ्चालक |
| ३. श्री जयेन्द्र विक्रम शाह | सञ्चालक (अनुपस्थित) |
| ४. श्री समता पन्त (भट्ट) | सञ्चालक |
| ५. श्री भिम प्रसाद तिमल्सिना | सञ्चालक |
| ६. श्री उमेश लम्साल | सञ्चालक |

### ३.२ शेयरधनी (प्रतिनिधि) हरुको उपस्थिति :

१. ३१७ वटा संस्था/व्यक्ति संस्थापक शेयरधनीहरुको तर्फबाट २२७ जना प्रतिनिधिहरु उपस्थित भई हाजिरी जनाएको ।

२. सर्वसाधारण शेयरधनीका तर्फबाट १६० शेयरधनी/शेयरधनी प्रतिनिधिहरु उपस्थित भई हाजिर जनाएको ।

### ३.३ वित्तीय संस्थाका व्यवस्थापन समितिको उपस्थिति

| | |
|---|---|
| १. डा.शिवराम प्रसाद कोइराला | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री पृथ बहादुर थापा | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. डा. नवराज सिम्खडा, | नायब प्रमुख कार्यकारी अधिकृत |
| ४. श्री झलेन्द्र भट्टराई | नायब प्रमुख कार्यकारी अधिकृत |
| ५. श्री अन्नपूर्ण श्रेष्ठ | मुख्य प्रबन्धक |
| ६. श्री रुप बहादुर खड्का | मुख्य प्रबन्धक |
| ७. सि.ए. ईशा के.सी. | मुख्य प्रबन्धक |
| ८. श्री शिवहरी अर्याल | मुख्य प्रबन्धक |
| ९. श्री लिलाधर धिताल | मुख्य प्रबन्धक |
| १०. सि.ए. मन्दिपा दाहाल | का.मु. मुख्य प्रबन्धक |

### ३.४ अन्य उपस्थिति/पर्यवेक्षक

१. श्री पोषणराज लामिछाने, कानूनी सल्लाहकार

२. श्री सुनिता के.सी., निर्वाचन अधिकृत

३. श्री ऋषिराम न्यौपाने, प्रतिनिधि सुजन काफ्ले एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्स

४. श्री रुद्र भट्टराई, महाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.

५. श्री अनिल कृष्ण जोशी, कम्पनी सचिव

## ४. गणपूरक सङ्ख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल शेयर धनी सङ्ख्या | शेयर सङ्ख्या | उपस्थित शेयर धनी सङ्ख्या | कुल शेयर मध्ये प्रतिनिधित्व भएको शेयर सङ्ख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| संस्थापक शेयरधनीहरु | ३१७ | २,३२,९८,९४८ | २२७ | २,१६,६७,१०० | ६५.०३ |
| सर्वसाधारण शेयरधनीहरु | ४०,५४९ | १,००,१७,२३४ | १६० | ९,११,१२२ | २.७४ |
| जम्मा | ४०,८६६ | ३,३३,१६,१८२ | ३८७ | २,२५,७८,२२२ | ६७.७७ |

## ५. सभाको वैधानिकता र सभा सञ्चालन

५.१ कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम बोलाइएको यस सभामा कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक सङ्ख्या बाँडफाँट भएको कुलशेयर सङ्ख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरधनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको यस २२ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी दर्ता पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको सङ्ख्या ३८७ भएको र कुल शेयरको ६७.७८ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक सङ्ख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक हुने जानकारी गराए पश्चात सभाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा गर्न मञ्जुर गरेको थियो ।

५.२ कम्पनी ऐन, २०६३ को दफा ७४(१) र यस वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकलाई सभाको अध्यक्षता गर्नको लागि अनुरोध गर्नु भएपछि अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । तत् पश्चात सामूहिक राष्ट्रिय गान र दीप प्रज्वलन गरी अध्यक्षबाट कार्यक्रम समुद्घाटन भएको थियो ।

५.३ सभा अध्यक्षको अनुमतिमा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले यस वित्तीय संस्था मर्जर पश्चात थप बलियो, सबल तथा सक्षम संस्था भएको उल्लेख गर्दै वित्तीय संस्थाका गतिविधि, हालसम्मका मुख्य उपलब्धिहरु र भविष्यका कार्यक्रमहरु बारे जानकारी दिँदै शेयरधनीहरुलाई स्वागत गर्नु भएको थियो ।

५.४ पूर्व निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णयार्थ सभा सञ्चालन गर्न सभाका अध्यक्षबाट अनुमति भए पश्चात साधारण सभाको कार्यक्रम प्रारम्भ भयो ।

## ६. वार्षिक साधारण सभाको प्रस्तुती

६.१ सभाका अध्यक्षज्यूले वित्तीय संस्थाको सञ्चालक समितिका तर्फबाट उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषय सूची अनुसार यस वित्तीय संस्थाको आ.व.२०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो.।

६.२ अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको प्रतिवेदन, आ.व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० असार मसान्तको वासलात र आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल एवम् आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि अनुरोध गर्नु भयो ।

## ७. छलफलमा शेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको लिखित तथा मौखिक विचार, जिज्ञासा तथा सुझावहरुलाई संक्षेपमा तपसिल अनुसार प्रस्तुत गरिएको छ ।

तपसिल

- **श्री मिना ढकाल (प्रतिनिधि : महारानीझोडा साना किसान कृषि सहकारी संस्था लि., झापा)** : साना किसानहरुको नेतृत्व गर्ने वित्तीय संस्था, मर्जर पश्चात ठुलो र मजबुत भएको छ । यस वित्तीय संस्थालाई यस स्थानसम्म ल्याउनका लागि साना किसान सहकारी संस्थाहरुको महत्वपूर्ण योगदान रहेको स्मरण गर्दै मर्जर पश्चात अब यस वित्तीय संस्थाले किसानहरुले लिने ऋणको ब्याजदरमा सहुलियत प्रदान गर्ने, नेपाल सरकार, दातृ निकाय तथा छाता संगठनहरुसँग मिलेर किसानका उपजहरुको बजारीकरण गरी किसानहरुका लागि राहत पुग्ने काम गर्न थप प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्नु भयो । वित्तीय संस्था मर्जर पश्चात किसानहरुले पाउने सेवा सुविधामा कुनै कमी नहुने गरी आफ्ना कार्यक्रमहरु सञ्चालन गरी अगाडि बढ्न समेत अनुरोध गर्नु भयो ।
- **श्री महेश्वर प्रसाद सुवेदी (प्रतिनिधि : साना किसान कृषि सहकारी संस्था लि., बज्रबाराही, मकवानपुर)** : देशका दुई ठुला वित्तीय संस्थाहरु मर्जर पश्चात यस वित्तीय संस्था अझ ठुलो भएकाले आगामी दिनमा यस वित्तीय संस्थाले किसानहरुलाई पनि व्यावसायीकरणका माध्यमबाट बलियो, मजबुत बनाउनु पर्ने दायित्व थप भएको विचार व्यक्त गर्नुभयो । नेपाल सरकार, विभिन्न दातृ निकाय तथा सम्बद्ध पक्षहरुसँगको समन्वयमा आगामी दिनमा व्यावसायीकरणका माध्यमबाट किसानहरुलाई उद्यमशील बनाउन वित्तीय संस्था लाग्ने अपेक्षा गर्दै वित्तीय संस्थाको २२ औं साधारणसभाको सफलताको कामना गर्नु भयो ।
- **श्री डिल्ली प्रसाद पाठक (प्रतिनिधि : साना किसान कृषि सहकारी संस्था लि., सलाङ, धादिङ)** : साविक आरएमडीसी र यस साना किसान विकास लघुवित्त वित्तीय संस्था मर्जर पश्चात थप सुदृढ तथा मजबुत हुने अपेक्षा लिएको बताउनु भयो । वित्तीय संस्थाले राम्रा र चलेका संस्थाहरुसँगको साझेदारी मात्र नगरी साना र कमजोर संस्थाहरुको पनि क्षमता विकास गरी ऋण तथा अन्य कारोबार गर्ने तर्फ वित्तीय संस्था लाग्नु पर्ने, संस्थाहरुसँगको साझेदारी छोड्नु भन्दा जोड्दै जानु पर्ने तर्फ ध्यानाकर्षण गराउनु भयो । विगतमा संस्थापक साना किसान कृषि सहकारी संस्थाहरुको तर्फबाट सञ्चालकमा प्रतिनिधित्व गर्ने संख्या आरक्षित रहेको हुँदा आगामी दिनमा समेत उक्त आरक्षण कायम गर्न अनुरोध गर्नु भयो । वित्तीय संस्थाको साधारणसभामा उपस्थित भएका शेयरधनीहरुलाई उपलब्ध गराएको झोला तथा स्टेशनरी कमसल रहेको हुँदा आगामी दिनमा त्यसतर्फ ध्यान दिन अनुरोध गर्दै साधारणसभाको सफलता एवम् वित्तीय संस्थाको सेवाको विस्तारको शुभकामना दिनुभयो ।
- **श्री कृष्ण बाबु श्रेष्ठ (प्रतिनिधि : साना किसान कृषि सहकारी संस्था लि., मनकामना, गोरखा)** : साविकका दुई ठुला वित्तीय संस्थाहरु एक आपसमा मर्जर भएर बनेको यस वित्तीय संस्था ठुलो, बलियो र सक्षम भई किसानहरुको आँट भरोसाको केन्द्रबिन्दु मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत किसानको पक्षमा काम गर्ने संस्थाको रुपमा स्थापित हुने अपेक्षा रहेको बताउनु भयो । ठुला संस्थाका चुनौतिहरु समेत ठुलो रहने कुरातर्फ केन्द्रित हुँदै ती चुनौतिहरुको सामना गरी अगाडि बढ्ने प्रेरणा वित्तीय संस्थालाई मिलोस् भन्ने शुभेच्छा सहित किसानहरुलाई ब्याजदरमा सहुलियत प्रदान गर्न र किसानका उपजहरुको बजारीकरण तर्फ लाग्न अनुरोध गर्नु भयो ।
- **श्री नर बहादुर थापा : (प्रतिनिधि : साना किसान कृषि सहकारी संस्था लि., दुधराक्ष, रुपन्देही)** : आरएमडीसी र साना किसान दुवै अत्यन्त राम्रा संस्थाहरु मर्जर हुँदा खुशी लागेको बताउनु भयो । मर्जर पश्चातको सञ्चालक समिति समेत सहमतिमा चयन हुने राम्रो रहेको हुनाले अब अध्यक्षको चयन समेत सहमतिमा गर्न अनुरोध गर्नु भयो । वित्तीय

संस्थाको सञ्चालक समितिमा साना किसान, सर्वसाधारण र अन्य बैंक वित्तीय संस्थाको प्रतिनिधित्व संख्या सुनिश्चित गर्नु पर्ने बताउनु भयो । कानुनी बाधा अड्चनहरुको समाधान गरी शेयर लिन बाँकी अन्य साना किसान कृषि सहकारीहरुको समेत शेयर रहने व्यवस्था मिलाउन समेत अनुरोध गर्नु भयो । आगामी दिनमा किसान तथा विपन्नवर्गको उत्थान हुने कार्यक्रमहरु लागु गरी किसान तथा विपन्नवर्गको सहारा बनोस भन्ने शुभेच्छा समेत व्यक्त गर्नु भयो ।

- **श्री चाँदनी ढकाल (प्रतिनिधि : साना किसान कृषि सहकारी संस्था लि., उत्तरगंगा, सुर्खेत):** साविक आरएमडीसी र साना किसान मर्जर भइ बनेको यस वित्तीय संस्थामा अन्य बाँकी साना किसान कृषि सहकारी संस्थाहरुले पनि शेयर लिन सक्ने व्यवस्था मिलाउन आग्रह गर्नु भयो । गरीब तथा किसानहरुले प्रत्यक्ष राहत महसुस गर्ने साधनको रुपमा रहेको ऋणको ब्याजदर मार्फत सहुलियत प्रदान गर्नु पर्ने तर्फ वित्तीय संस्थाले ध्यान दिनु पर्ने औंल्याउनु भयो । करिब ७९ प्रतिशत महिलाहरुको सहभागी रहेको साना किसान अभियानमा यस वित्तीय संस्थामा साना किसान कृषि सहकारी संस्थाहरुको तर्फबाट पर्याप्त महिला सञ्चालक नहुनु दुःखद रहेको भन्दै आगामी दिनमा साना किसान कृषि सहकारी संस्थाको अभियानमा लागेका महिलाहरुको सम्मान गर्दै वित्तीय संस्थाको सञ्चालक समितिमा पर्याप्त महिला सञ्चालक राख्न आवश्यक व्यवस्था मिलाउन जोड दिँदै साधारण सभाको सफलताको कामना गर्नु भयो ।
- **श्री धर्म सिंह कोर : (प्रतिनिधि : साना किसान कृषि सहकारी संस्था लि., दैजी, कञ्चनपुर) :**
  साना किसान सहकारी संस्थाबाट लगानीमा रहेको ऋणमा किसानले नियमानुसार समयमा ऋण भुक्तान गर्न नसकी भाखा नाघेको अवस्थामा तिर्नु पर्ने हर्जाना भाखा नाघेको ऋणमा मात्र लिने व्यवस्था मिलाई दिनु हुन अनुरोध गर्दै साधारणसभाको सफलताको कामना गर्नु भयो ।
- **श्री खगेन्द्र राज भण्डारी : (प्रतिनिधि : साना किसान कृषि सहकारी संस्था लि., लेटाङ, मोरङ) :**
  साविक आरएमडीसी र साना किसान मर्जर भइ बनेको यस वित्तीय संस्थाको वित्तीय सूचकहरु राम्रो रहेको बताउनु भयो । २०५८ साल देखि यस वित्तीय संस्थाका प्रवर्द्धक भई साझेदार समेत रहेका सहकारी संस्थाहरुसँगको गरिबी न्यूनीकरणको अभियानमा मर्जरले कुनै पनि नकारात्मक असर पर्न नदिने तर्फ सञ्चालक तथा व्यवस्थापनले ध्यान दिन अनुरोध गर्नु भयो । वित्तीय संस्थाको सफलताको मापन नाफामा होईन आबद्ध किसानहरुले प्राप्त गरेको सुलभ, सरल कर्जा तथा उनीहरुको आर्थिक, सामाजिक तथा शैक्षिक स्तरमा आएको सकारात्मक परिवर्तन ल्याउने तर्फ वित्तीय संस्था लाग्न अनुरोध गर्नुभयो । वित्तीय संस्था मर्जर भई ठुलो भएको अनुभूति गराउन गरीब तथा किसानहरुले पाउने ऋणको ब्याजदरलाई एकल अङ्कमा कायम गर्न अनुरोध गर्नु भयो । कृषि विकास बैंकबाट सम्पूर्ण सम्पत्ति तथा दायित्व हस्तान्तरण भएका साना किसान कृषि सहकारी संस्थाहरुको घर जग्गा सम्बन्धित सहकारी संस्थाहरुको नाममा नै हुने व्यवस्था मिलाउन वित्तीय संस्थाले पहल गर्न अनुरोध गर्नुभयो । वित्तीय संस्थाको सरल तथा सुलभ कर्जाका कार्यक्रमलाई निरन्तरता दिँदै कृषिको व्यावसायीकरण गर्न र यस वित्तीय संस्थामा किसानहरुको अधिक शेयर स्वामित्व हुने गरी कृषि क्षेत्रमा काम गर्ने विकास बैंकको रुपमा रुपान्तरित हुन प्रेरणा मिलोस् भन्ने शुभकामना सहित साधारण सभाको सफलताको कामना गर्नुभयो ।

- **श्री हरि बहादुर बस्नेत (प्रतिनिधि : साना किसान कृषि सहकारी संस्था लि., मृगौलिया, मोरङ) :**
  साविकका सबल तथा उत्कृष्ट दुवै संस्थाहरु मर्जर भएकोमा आफू लगायत यस अभियानका अन्य अभियन्ताहरु खुशी भएको धारणा व्यक्त गर्नु भयो । साविकका दुवै संस्थाहरु साना किसान र आरएमडीसी गरिबको हितमा काम गर्ने संस्था रहेको कुरा आफ्नो संस्थाले दुवै संस्थासँग गरेको साझेदारीबाट अनुभव भएको बताउनु भयो । वित्तीय संस्था नितान्त किसान तथा गरिबहरुको पक्षमा काम गर्ने संस्था भएकाले यसमा लगानी गर्ने वाणिज्य बैंकहरुले आ-आफ्नो शेयर साना किसान सहकारी संस्थाहरुलाई बिक्री गरी सम्पूर्ण सञ्चालकहरुमा किसानहरुको प्रतिनिधित्व सुनिश्चित हुने वातावरण बनाउन समेत अनुरोध गर्नु भयो । साना किसान सहकारी संस्थाले अनुसरण गरी हस्तान्तरण भएका संस्थाहरुको व्यवस्थापन कमजोर रही स्वयम साना किसान सहकारी संस्था तथा वित्तीय संस्थाको लगानी जोखिममा रहेकाले वित्तीय संस्था मार्फत ती संस्थाहरुको थप क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न सुझाव दिनु भयो । वित्तीय संस्थाले नेपाल सरकार, दातृनिकायहरु, विभिन्न संघ तथा संगठनहरुको सहयोग तथा समन्वयमा किसानका उत्पादनहरुको बजार सुनिश्चित गर्न सुझाव दिनुको साथै साधारण सभाको सफलताको कामना गर्नु भयो ।

- **श्री राम शोभिद यादव : (प्रतिनिधि : साना किसान कृषि सहकारी संस्था लि., धनुषाधाम, धनुषा) :**
  यस वित्तीय संस्थाले बागमती प्रदेश सरकारबाट सहुलियत ऋण प्राप्त गरी साना किसान सहकारीमा आवद्ध किसानहरुलाई ३ प्रतिशत ब्याजदरमा नै कर्जा उपलब्ध गराउने गरेकोमा मधेश प्रदेशमा पनि त्यस प्रकारको सहुलियत ब्याजदरमा किसानहरुलाई ऋण उपलब्ध गराई मधेश प्रदेशमा व्याप्त गरिबीमा रहेका किसान तथा विपन्न वर्गलाई राहत दिने कार्यक्रमहरु सञ्चालन गर्न वित्तीय संस्थालाई अनुरोध गर्दै साधारण सभाको सफलताको कामना गर्नु भयो ।

## ८. पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ

छलफलमा भाग लिने सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद दिँदै त्यहाँ उठेका केही जिज्ञासाहरुको जवाफ सभाअध्यक्षको अनुमतिमा प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला र बाँकी केही जिज्ञासाहरुका सम्वन्धमा सभा अध्यक्ष श्री खेम बहादुर पाठकले प्रतिउत्तर दिनु भएको थियो ।

८.१ वित्तीय संस्थाको व्यवस्थापनसँग सम्बन्धित केही जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाबाट सभासमक्ष दिइएको प्रतिउत्तरको संक्षेपीकरण यस प्रकार रहेको छ :

- वित्तीय संस्थाको कारोबारको गुणस्तर वृद्धि गर्न सभामा गहनतम सुझावहरु प्रस्तुत भएका र आगामी दिनमा सुझावहरुलाई मध्यनजर गरी मार्गदर्शनको रुपमा वित्तीय संस्थाका काम कारवाही अघि बढाउने विश्वास दिलाउनु भयो । उहाँले वित्तीय संस्था कृषिको रुपान्तरण गर्ने लक्ष्यका साथ अघि बढ्ने दृढता समेत व्यक्त गर्नु भयो ।
- ब्याजदर कम हुनु, एकल अङ्कको ब्याजदर हुनु सही भए तापनि संस्था नबाँच्ने गरी अवैज्ञानिक ढङ्गले ब्याजदर कायम गर्नु उपयुक्त नहुने तथा ब्याजदर बजारमा हुने रकमको माग र आपूर्तिको माध्यमबाट निर्धारण हुने हुनाले वित्तीय संस्थाले सक्नेसम्म गरी साना किसानलाई कम ब्याज पर्ने, संस्थालाई दिगो बनाउने र शेयरधनीहरुलाई उचित प्रतिफल दिने गरी सन्तुलित ब्याजदरको व्यवस्थापन गरेको बताउनु भयो । यस संस्थाले नेपाल सरकार, एडीबी, आइएफएडी जस्ता संस्थाहरुसँग समेत ऋण तथा अनुदान सहयोग

पाएको हुनाले बजारमा अन्य यसै प्रकारका वित्तीय संस्थाले लिने ब्याजदर भन्दा यस संस्थाले लिने ऋणको ब्याजदर कम रहेको पनि जानकारी दिनु भयो ।

- दुई ठुला वित्तीय संस्थाहरु मर्जर पश्चात यस वित्तीय संस्था झन् ठुलो हुनुका साथै यसका चुनौतिहरु ठुला रहेका भए तापनि वित्तीय संस्थाका शेयरधनी तथा सरोकारवाला, कर्तव्यनिष्ठ कर्मचारीहरुको साथ र सहयोगबाट वित्तीय संस्थाले सजिलै त्यस प्रकारका चुनौतिहरुको सामना गरी अगाडि बढ्ने दृढता व्यक्त गर्नु भयो । यस वित्तीय संस्था मर्जर पश्चात कृषि क्षेत्रमा काम गर्ने एक विशिष्टीकृत संस्था बनाउने लक्ष्य लिएकाले २०५८ साल देखिको साना किसान अभियान, साना किसानहरुको योगदान, साथ सहयोग, विश्वास भरोसामा कुनै तुषारापात हुन नदिने तर्फ वित्तीय संस्था कटिबद्ध रहेकाले किसानहरुको व्यावसायीकरण, उद्यमशीलता तथा बजारीकरणमा नेपाल सरकार, विभिन्न दातृ निकाय तथा सम्बद्ध पक्षहरुसँगको समन्वय तथा सहकार्यलाई बढावा दिँदै जाने प्रतिवद्धता व्यक्त गर्नु भयो ।
- साविक आरएमडीसी र यस साना किसान लघुवित्त वित्तीय संस्था मर्जर पश्चात संस्था थप सुदृढ तथा मजबुत भई जाने विषयमा कुनै आशङ्का नगर्न अनुरोध गर्दै साना र कमजोर संस्थालाई पनि साझेदार बनाउन योग्यता पुग्नासाथ वित्तीय संस्थाले साझेदार बनाउने कुरामा निश्चिन्त हुन आग्रह गर्नु भयो । यस वित्तीय संस्थाले अन्य संस्थाहरुको क्षमता विकास गर्ने विशेष ध्यान दिँदै कार्यक्रमहरु पनि लागु गरेको छ तर संस्था स्वयम् पनि संस्थागत सुदृढीकरण तथा क्षमता विकासमा लागि सक्षम हुन आग्रह समेत गर्नुभयो। यस वित्तीय संस्थाको साधारणसभामा उपस्थित भएका शेयरधनीहरुलाई उपलब्ध गराएको ब्याग तथा स्टेशनरीको गुणस्तर तथा परिमाण कमजोर रहेको भन्ने विषयमा आगामी दिनमा त्यसतर्फ सुधार गर्दै जाने बताउनु हुँदै यसमा कुनै पनि शेयरधनी महानुभावहरु दुःखी नबन्न अनुरोध गर्नु भयो ।
- कुनै पनि संस्थाले नियमानुसार समयमा ऋण भुक्तान गर्न नसकेको अवस्थामा भाखा नाघेको ऋणको किस्तामा मात्र हर्जाना लाग्ने व्यवस्था हुने बताउनु भयो ।
- कृषि विकास बैंकबाट सम्पूर्ण सम्पत्ति तथा दायित्व हस्तान्तरण भई विकास भएका सहकारी संस्थाहरुको घर जग्गा ती सहकारी संस्थाहरुको नाममा नै हुने व्यवस्था मिलाउन भएको अनुरोध सम्बन्धमा कृषि विकास बैंक लि. सँग सम्वादमा रहेको र छिट्टै यस विषयले निकास पाउने अपेक्षा वित्तीय संस्थाले गरेको जानकारी गराउनु भयो ।
- साधारण सभाको कार्यक्रम तालिका र खाजाको समयबिच तालमेल नमिलेकोमा आगामी दिनमा सुधार गरिने बेहोरा सभालाई जानकारी गराउनु भयो ।
- तुलनात्मक रुपमा बागमती प्रदेशमा भन्दा अधिक जनसङ्ख्या गरिबीमा रहेको मधेश प्रदेशमा पनि सहुलियत ब्याजदरमा किसानलाई ऋण लगानी गर्नु पर्छ भनी पटक पटक मुख्यमन्त्री तथा अर्थमन्त्रीहरुसँग छलफल भए तापनि निर्णय हुन नसकेको तर वित्तीय संस्थाको प्रयास निरन्तर रहेको जानकारी गराउनु भयो । स्थानीयहरुले पनि आ-आफ्ना सांसदहरुलाई सो बारेमा आग्रह गरी निजहरुलाई सो कार्यक्रमका सकारात्मक प्रभावहरुलाई मनन गराउन अनुरोध समेत गर्नु भयो ।

८.२ सभा अध्यक्ष श्री खेम बहादुर पाठकले नीतिगत जिज्ञासाहरु सम्बन्धमा दिइएको जवाफको संक्षेपीकरण यस प्रकार रहेको छ :

- साना किसान कृषि सहकारीहरु सबैलाई यस वित्तीय संस्थाको शेयरधनी बनाउन वित्तीय संस्था प्रयत्नशील रहेको कुरा सभामा जानकारी गराउनु भयो ।
- साना किसान कार्यक्रमको माग भने धेरै स्थानीय निकायका प्रतिनिधिहरुबाट आईरहेको अवस्थामा वित्तीय संस्था कृषि क्षेत्रमा काम गर्ने एक विशिष्टीकृतको संस्था बन्ने बाटोमा अग्रसर भई सकेको बताउनु भयो । यस वित्तीय संस्थाको नेतृत्व पनि साना किसानबाट नै होस् भन्ने नेपाल सरकारको भावना अनुरुप कृषि विकास बैंकको शेयर समेत साना

किसान सहकारीहरुमा हस्तान्तरण भएको जानकारी दिँदै शेयरधनी महानुभावहरुले उठाउनु भएको सञ्चालकमा हुने प्रतिनिधित्व तथा शेयर संरचना परिवर्तनको सम्बन्धमा यस वित्तीय संस्थाले छलफल अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नु भयो । साथै वहाँले सञ्चालक समितिमा हुने प्रतिनिधित्व सङ्ख्या कम भए तापनि यस वित्तीय संस्थाले साना किसानहरुको पक्षमा गर्ने कार्यक्रमहरुमा कमी नआउने कुरामा विश्वस्त पार्नु भयो । प्रबन्धपत्र नियमावलीमा नै आरक्षण कोटा तोकिनुभन्दा आगामी दिनमा कसरी बढीभन्दा बढी साना किसान सहकारीहरुको प्रतिनिधित्व गराउन सकिन्छ त्यसतर्फ पनि यस वित्तीय संस्था लागि पर्ने कुरा सभालाई जानकारी गराउनु भयो ।

- हाल गठन हुने सञ्चालक समितिमा साना किसान सहकारीको तर्फबाट २ जना सञ्चालकको प्रतिनिधित्व हुँदा पनि १ जना पनि महिला सहभागिता गराउन नसक्दा आफूलाई समेत असहज महसुस भएको बताउनु भयो । साना किसास अभियानमा महिलाहरुको योगदान तथा सहभागिता कमजोर नठानी अगाडि बढ्न र वित्तीय संस्था तथा कृषि सहकारी केन्द्रीय संघको नेतृत्व गरेको हेर्न आफू आतुर रहेको समेत सभामा जानकारी गराउनु भयो । त्यसको लागि महिला नेतृत्वलाई साथ र सहयोग गर्न आफू तत्पर रहेको समेत जानकारी गराउनु भयो । साथै वहाँले सञ्चालक समितिमा पर्याप्त महिला सहभागिताको विषयलाई पनि ध्यान दिँदै जाने बताउनु भयो ।
- मर्जर पश्चात साविक साना किसान र साविक आरएमडीसी दुवै संस्था सम्बद्ध पक्षहरुमा नकारात्मक प्रभाव नपर्ने किसिमका काम तथा क्रियाकलापहरु सञ्चालन गर्न यस वित्तीय संस्था लागि परेको हुनाले त्यस्ता नकारात्मक प्रभावको आकलन नगर्न अनुरोध गर्दै कथम्कदाचित त्यस्तो अनुभूति भएमा खुलेर वित्तीय संस्थाका सञ्चालकहरुसँग राख्न अनुरोध गर्नु भयो ।
- वित्तीय संस्थाले साना किसानहरुको नेतृत्व गर्ने हुनाले मर्जर अगाडि र मर्जर पश्चात कुनै पनि क्षणमा साना किसान सहकारीहरुको योगदान, किसानहरुको हक हित तथा सुविधामा कुनै कमी नआउने गरी काम गर्न तथा किसानहरुका उत्पादनको बजारीकरण र मूल्य शृङ्खलामा काम गर्न वित्तीय संस्था लागि परेको बताउनु भयो । बजारीकरणका लागि सरकारको भूमिका अधिक हुने हुनाले सरकारलाई समय समयमा झकझकाउने काम निरन्तर भैरहेको पनि बनाउनु भयो ।
- सहकारी संस्थाहरु बलियो, सक्षम, चुस्त दुरुस्त बनाउन अनुरोध गर्दै लगानीको लागि वित्तीय संस्थाको आफ्नो श्रोत नरहेकाले वाणिज्य बैंकहरु मार्फत सर्वसाधारणको बचत ऋण लगानीको लागि ल्याएको बताउनु भयो । साथै साझेदार संस्थाहरुले समयमा ऋणको सावाँ तथा ब्याज किस्ता तिर्न, बचतकर्ताको बचत समयमा फिर्ता गर्न, कर्मचारीलाई तलब भत्ता खुवाउन, कार्यालय सञ्चालन गर्न, लगानीकर्तालाई लाभांश वितरण गर्ने जस्ता चक्रहरु पुरा गर्ने/गराउने बताउनु भयो । वित्तीय संस्थाले पनि समयमा नै लगानी गरेको रकम असूल उपर हुनुपर्ने कुरालाई जोड दिँदै लगानी फिर्ताको सुनिश्चितताका लागि पनि लगानीको कसिलो नीतिको अवलम्बन गर्न सक्ने हुँदा यसलाई सहर्ष स्वीकार गर्न अनुरोध गर्नु भयो ।
- अन्तमा सभाअध्यक्षले सबै शेयरधनीका जिज्ञासा तथा सुझावहरु वित्तीय संस्थाको मार्गदर्शनका रुपमा आएको र शेयरधनीहरुले वित्तीय संस्थाको प्रतिवेदन सहर्ष स्वीकार गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु प्रति आभार व्यक्त गर्नु भयो ।

## ९. सभाको निर्णय

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लिखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी सर्वसम्मत निर्णय भएको कुरा सभाका अध्यक्षको अनुमतिमा कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम सभालाई जानकारी दिनु भयो :

**(क) सामान्य प्रस्ताव**

प्रस्ताव नं. १. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

निर्णय : अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं. २. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्वद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

निर्णय : लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्वद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव माथि छलफल भई उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं. ३ सञ्चालक समितिले प्रस्ताव गरे अनुसार २०८० आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु. ३,३३,१६,१८,२०४।४४ को ०.७५% ले हुने रकम रु. २,४९,८७,१३६।५३३ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) पारित गर्ने ।

निर्णय : सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७९/०८० को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. ३,३३,१६,१८,२०४।४४ को ०.७५% ले हुने रकम रु. २,४९,८७,१३६।५३३ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) प्रदान गर्ने सम्बन्धमा छलफल हुँदा उक्त नगद लाभांश प्रदान गर्न सर्वसम्मतिले स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

प्रस्ताव नं.४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

निर्णय : यस वित्तीय संस्थाको आ.व.२०८०/८१ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा सभामा प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा लेखापरीक्षण समितिबाट सिफारिस भई आएका लेखापरीक्षक CA Kiran Dongol, J.B. Rajbhandary & DiBins, Chartered Accountants लाई लेखापरीक्षण पारिश्रमिक भ्याट बाहेक रु. १०,००,०००।– ( अक्षरेपी दश लाख) मात्र उपलब्ध गराउने गरी आ.व. २०८०/८१ को लागि लेखापरीक्षक नियुक्त गर्न सर्वसम्मतिबाट पारित भयो ।

प्रस्ताव नं.५. संस्थापक शेयरधनी समूहबाट ४ र सर्वसाधारण शेयरधनी समूहबाट २ जना गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन गर्ने ।

निर्णय : यस वित्तीय संस्थाको नियमावलीको नियम नं ८ को उपनियम (२) को खण्ड (क) बमोजिम संस्थापक समूह "क" बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने शेयरधनीहरु मध्येबाट १ जना महिला सहित ४ जना सञ्चालकहरु र नियमावलीको नियम नं ८ को उपनियम (२) को खण्ड (ख) बमोजिम सर्वसाधारण शेयरधनी समूह "ख" बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने शेयरधनीहरु २ जना समेत गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन सम्बन्धमा भए गरेका क्रियाकलापहरु सभामा प्रस्तुत गर्दै निर्वाचन अधिकृत श्री सुनिता केसीले देहाय बमोजिका उम्मेदवारहरु निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भएकोमा सो सर्वसम्मत पारित गरियो ।

**समूह क (संस्थापक शेयरधनी समूह) निर्वाचित हुने उम्मेदवारहरुको नाम र प्रतिनिधित्व :**

१) श्री समता पन्त,
प्रतिनिधि :- नेपाल बैंक लि., काठमाडौं

२) श्री सुखदेव न्यौपाने,
प्रतिनिधि :- साना किसान कृषि सहकारी संस्था लि., आनन्दवन, रुपन्देही

३) डा. बाबुकाजी थापा,
प्रतिनिधि :- कृषि विकास बैंक लि., काठमाडौं

४) श्री खेम बहादुर पाठक,
प्रतिनिधि :- साना किसान कृषि सहकारी संस्था लि., चैनपुर, धादिङ

**समूह ख (सर्वसाधारण शेयरधनी समूह) निर्वाचित हुने उम्मेदवारहरुको नाम र प्रतिनिधित्व :**

१) श्री उमेश लम्साल (प्रतिनिधि भ्याली इन्भेष्ट एण्ड म्यानेजमेन्ट सर्भिसेज प्रा.लि. पुतलीसडक काठमाडौं)

२) श्री भिम प्रसाद पन्त, चौंरी देउराली गा.पा. ८, काभ्रे

(ख) विशेष प्रस्ताव :

प्रस्ताव नं. १ : सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु. ३,३३,१६,१८,२०४।४४ को १४.२५% ले हुने रकम रु. ४७,४७,५५,५९४।१३३ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

निर्णय : सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु. ३,३३,१६,१८,२०४।४४ को १४.२५% ले हुने रकम रु. ४७,४७,५५,५९४।१३३ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई

पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने सम्बन्धी विशेष प्रस्तावमाथि छलफल भई सर्वसम्मतिबाट पारित भयो ।

प्रस्ताव नं. २ : यस संस्थाको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

निर्णय : यस संस्थाको प्रवन्धपत्र र नियमावलीमा संलग्न बमोजिम संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने विशेष प्रस्ताव प्रस्तुत भई छलफल हुँदा सर्वसम्मतिबाट पारित भयो ।

प्रस्ताव नं. ३ : आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५.१ (Office Administration Expenses) मा उल्लिखित खर्च रु. १३,२०,१८३.७९ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

निर्णय यस वित्तीय संस्थाको आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५.१ (Office Administration Expenses) मा उल्लिखित खर्च रु. १३,२०,१८३.७९ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने विशेष प्रस्ताव माथि छलफल हुँदा उक्त खर्च सम्बन्धी प्रस्ताव सर्वसम्मत अनुमोदन गरियो ।

प्रस्ताव नं. ४. साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्था (हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती ( एक्विजिसन) गर्न उपयुक्त देखिएमा उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान र छनौट गर्ने, समझदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा मर्जरसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन आवश्यक सम्पूर्ण कार्यहरु अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

निर्णय नं. ४ : साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्था (हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्ने वा प्राप्ती (एक्विजिसन) गर्न उपयुक्त देखिएमा उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान र छनौट गर्ने, समझदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा मर्जरसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन आवश्यक सम्पूर्ण कार्यहरु अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव प्रस्तुत भई छलफल हुँदा सभाले सर्वसम्मतिबाट पारित गर्यो ।

प्रस्ताव नं. ५ :- प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

निर्णय : यस वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा छलफल हुँदा हुँदा यसै साधारण सभाको निर्णय कार्यान्वयनको सिलसिलामा नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका विषयमा सामान्य संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभाले पारित गर्यो ।

**(ग) विविध :**

विविध प्रस्ताव उपर कुनै छलफलका विषयबस्तुहरु नरहेको ।

## १०. सभा विसर्जन

१.१. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने बेहोरा सभालाई जानकारी गराईयो ।

१.२. सभाको अन्त्यमा सम्पूर्ण शेयरधनी महानुभाव एवम् सभामा प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा सभाका अध्यक्ष श्री खेम बहादुर पाठकले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

१.३: छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका अध्यक्ष श्री खेम बहादुर पाठकले सञ्चालक समितिको तर्फबाट यस वित्तीय संस्थाको प्रगति तथा समृद्धिका लागि निरन्तर सहयोग, सुझाव दिइरहनु भएका सम्पूर्ण संस्थापक शेयरधनी तथा सर्वसाधारण शेयरधनी महानुभावहरू, साझेदार संस्थाहरु, शुभचिन्तकहरू तथा वित्तीय संस्थाको उत्तरोत्तर विकासका लागि अहोरात्र खटिनुभएका लगनशील सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । वित्तीय संस्थाको प्रगतिको लागि निरन्तर मार्गदर्शन गर्ने नेपाल राष्ट्र बैङ्क, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत सम्पूर्ण सम्बन्धित सरकारी निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरु प्रति कृतज्ञता व्यक्त समेत गर्नु भयो । यस वित्तीय संस्थाको नयाँ कार्यक्रम र उपलब्धिलाई सकारात्मक रुपमा जनसमक्ष पुऱ्याउन सहयोग गर्ने सञ्चार माध्यम र प्रत्यक्ष/अप्रत्यक्ष रूपमा संस्थाको प्रगतिमा सहयोग गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरू प्रति आभार प्रकट व्यक्त गर्नुभयो । शिथिल अर्थतन्त्रको बिचमा दुई संस्थाबिच भएको मर्जर पश्चात वित्तीय संस्थाको आकार तथा कारोवारमा मात्रै वृद्धि नभई नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायका साथै गरिब, विपन्न वर्गका साना किसानहरुको आशा र भरोसाको केन्द्र बनेको हुँदा यस सभाबाट चयन हुनु भएका सञ्चालकज्यूहरु, सम्पूर्ण शेयरधनीज्यूहरु र कर्तव्यनिष्ठ कर्मचारीहरुको साथ र सहयोगले यस वित्तीय संस्था थप बलियो तथा अब्बल बन्ने आशा समेत व्यक्त गर्नु भयो र अन्त्यमा शेयरधनीहरुको व्यापक र सकृय सहभागिताबाट यस वित्तीय संस्थाको २२ औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न आफ्नो अमूल्य समय दिनु हुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ......................... | ......................... |
| (अनिल कृष्ण जोशी) | (खेम बहादुर पाठक) |
| कम्पनी सचिव | अध्यक्ष |

पौष २९, २०८०

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

(साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभिएको)

**केन्द्रीय कार्यालय, काठमाडौं ।**

**प्रबन्धपत्रमा संशोधन**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन गरिएको छ :

**१. प्रबन्धपत्रको दफा ५ को खण्ड (ख) र (ग) को सट्टा देहाय बमोजिमको खण्ड (ख) र (ग) राखिएको छ :**

"(ख) वित्तीय संस्थाको जारी पुँजी रु.३,८०,६३,७३,७९८।५७ (अक्षरेपी तीन अर्ब असी करोड त्रिसठ्ठी लाख त्रिहत्तर हजार सात सय अन्ठानब्बे रुपैयाँ र पैसा सन्ताउन्न मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- का दरले ३,८०,६३,७३७- (अक्षरेपी तीन करोड असी लाख त्रिसठ्ठी हजार सात सय सैंतिस थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु.३,८०,६३,७३,७९८।५७ (अक्षरेपी तीन अर्ब असी करोड त्रिसठ्ठी लाख त्रिहत्तर हजार सात सय अन्ठानब्बे रुपैयाँ र पैसा सन्ताउन्न मात्र) हुनेछ ।"

**२. प्रबन्धपत्रको दफा ९ को खण्ड (१६ख) देहाय हुने गरी थप गरिएको छ :**

"(१६ख) नेपाल सरकारद्वारा विगतमा प्रवर्द्धित/सञ्चालित साना किसान विकास कार्यक्रमलाई साना विकास विकास लघुवित्त वित्तीय संस्था गठन गरी सोमार्फत सञ्चालन गर्ने कार्यक्रम अनुसार स्थापना भएका र हुने साना किसान कृषि सहकारी संस्थाहरुलाई उपदफा १६ मा भएको व्यवस्था अनुरुप नै संस्थापक अन्य शेयरधनीहरुले प्राथमिकताका साथ संस्थापक शेयर बिक्री/हस्तान्तरण गर्नु पर्नेछ ।"

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

(साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभिएको)

**केन्द्रीय कार्यालय, काठमाडौं ।**

## नियमावलीमा संशोधन

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को नियमावलीमा देहाय बमोजिम संशोधन गरिएको छ :

**१. नियमावलीको नियम १० को उपनियम (७) र (८) को सट्टा देहाय बमोजिमको उपनियम (७) र (८) राखिएको छ :**

"(७) बैठक बस्ने समय, मिति, स्थान, छलफलमा पेश गरिने विषयसूची समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनुभन्दा कम्तीमा ३ दिन अगावै सञ्चालकहरुलाई सूचना पठाउनु पर्नेछ र यस्तो सूचना कुनै उपयुक्त सञ्चार माध्यम मार्फत पनि पठाउन सकिने छ । यसरी बोलाइएको बैठकमा विषय सूचीमा नपरेका विषयहरुमा पनि अध्यक्षले अनुमति दिएमा छलफल गर्न सकिनेछ ।

(८) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आकस्मिक विषयमा सञ्चालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्वीकृतिले ३ दिनको पूर्व सूचना बिना पनि सञ्चालक समितिको बैठक बोलउन सकिने छ ।"

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

(साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभिएको)

**केन्द्रीय कार्यालय, काठमाडौं ।**

## प्रबन्धपत्रमा संशोधन सम्बन्धी प्रस्ताव (तिन महले)

| क्र. सं. | दफा/ उपदफा /खण्ड | हालको व्यवस्था | संशोधित प्रबन्धपत्र | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ५ (ख) | वित्तीय संस्थाको जारी पुँजी रु.३,३३,१६,१८,२०४।४४ (अक्षरेपी तीन अर्ब तेत्तिस करोड सोह्र लाख अठार हजार दुई सय चार रुपैयाँ चवालिस पैसा मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००।- का दरले ३,३३,१६,१८२ (तीन करोड तेत्तिस लाख सोह्र हजार एक सय बयासी) थान साधारण सेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पुँजी रु.३,८०,६३,७३,७९८।५७ (अक्षरेपी तीन अर्ब असी करोड त्रिसठ्ठी लाख त्रिहत्तर हजार सात सय अन्ठानब्बे रुपैयाँ र पैसा सन्ताउन्न मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००।- का दरले ३,८०,६३,७३७।- (अक्षरेपी तीन करोड असी लाख त्रिसठ्ठी हजार सात सय सैंतिस थान साधारण शेयरमा विभाजन गरिएको छ । | सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १४.२५ प्रतिशतका दरले बोनस सेयर वितरण गर्दा सोही हदसम्म जारी पुँजी वृद्धि गर्नुपर्ने भएकोले। |
| २ | ५ (ग) | वित्तीय संस्थाको चुक्ता पुँजी रु.३,३३,१६,१८,२०४।४४ (अक्षरेपी तीन अर्ब तेत्तिस करोड सोह्र लाख अठार हजार दुई सय चार रुपैयाँ चवालिस पैसा मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पुँजी रु.३,८०,६३,७३,७९८।५७ (अक्षरेपी तीन अर्ब असी करोड त्रिसठ्ठी लाख त्रिहत्तर हजार सात सय अन्ठानब्बे रुपैयाँ र पैसा सन्ताउन्न मात्र) हुनेछ । | सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १४.२५ प्रतिशतका दरले बोनस शेयर वितरण गर्दा सोही हदसम्म जारी पुँजी वृद्धि गर्नुपर्ने भएकाले। |
| ३ | ९ (१६क) | नभएको । | नेपाल सरकारद्वारा विगतमा प्रवर्द्धित/सञ्चालित साना किसान विकास कार्यक्रमलाई साना विकास विकास लघुवित्त वित्तीय संस्था गठन गरी सोमार्फत सञ्चालन गर्ने कार्यक्रम अनुसार स्थापना भएका र हुने साना किसान कृषि सहकारी संस्थाहरुलाई उपदफा १६ मा भएको व्यवस्था अनुरुप नै संस्थापक अन्य शेयरधनीहरुले प्राथमिकताका साथ संस्थापक शेयर बिक्री/हस्तान्तरण गर्नु पर्नेछ । | संयुक्त मर्जर समितिको अन्तिम सम्झौतामा भएको व्यवस्था अनुरुप मिलान गर्न उपदफा थप गर्नु परेकाले । |

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

(साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभिएको)

**केन्द्रीय कार्यालय, काठमाडौं ।**

**नियमावलीमा संशोधन सम्बन्धी प्रस्ताव**

**(तिन महले)**

| क्र. सं. | नियम/ उपनियम /खण्ड | हालको व्यवस्था | संशोधित नियमावली | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | १० (७) | बैठक बस्ने समय, मिति, स्थान, छलफलमा पेश गरिने विषयसूची समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनु भन्दा कम्तीमा ७ दिन अगावै सञ्चालकहरुलाई सूचना पठाउनु पर्नेछ र यस्तो सूचना फ्याक्स वा इमेल मार्फत पनि पठाउन सकिने छ । यसरी बोलाइएको बैठकमा विषय सूचीमा नपरेका विषयहरुमा पनि अध्यक्षले अनुमति दिएमा छलफल गर्न सकिनेछ । | बैठक बस्ने समय, मिति, स्थान, छलफलमा पेश गरिने विषयसूची समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनुभन्दा कम्तीमा ३ दिन अगावै सञ्चालकहरुलाई सूचना पठाउनु पर्नेछ र यस्तो सूचना कुनै उपयुक्त सञ्चार माध्यम मार्फत पनि पठाउन सकिने छ । यसरी बोलाइएको बैठकमा विषयसूचीमा नपरेका विषयहरुमा पनि अध्यक्षले अनुमति दिएमा छलफल गर्न सकिनेछ । | सञ्चालक समितिको बैठक बोलाउने समयावधि कम्तीमा ३ दिन राख्नु उपयुक्त हुने भएकाले । |
| २ | १० (८) | उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आकस्मिक विषयमा सञ्चालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्वीकृतिले ७ दिनको पूर्व सूचना विना पनि सञ्चालक समितिको बैठक बोलाउन सकिने छ । | उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आकस्मिक विषयमा सञ्चालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्वीकृतिले ३ दिनको पूर्व सूचना बिना पनि सञ्चालक समितिको बैठक बोलउन सकिने छ । | उपनियम (७) सँग मिलाउनु पर्ने भएकाले। |